नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यस्थापन तथा समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या: २०७५।७६ वि. 6-2

च.नं .: 9806

मितिः- २०७५/१२/१९

**श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**ज्वागल, ललितपुर**

**विषयः निर्णय कार्यान्वयन गर्ने बारे।**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७५।१२।०१ गते बसेको ११६ औं बैठकको निर्णयको प्रतिलिपि संलग्न छ । उक्त बैठकको निर्णय नं.२ तथा सोको तालिका- १ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही/गैरलाभग्राही सूचीको सफ्ट कपि समेत संलग्न छ) कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्वन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको) गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

(नोटः लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं२(४)का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ ।)

(लालबहादुर बस्नेत)
शाखा अधिकृत

**बोधार्थः**

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
काठमाडौं/भक्तपुर/दोलखा/नुवाकोट/धादिङ/सिन्धुली/ओखलढुंगा/मकवानपुर/रामेछाप/
काभ्रेपलाञ्चोक/गोरखा/ललितपुर/रसुवा
श्री सूचना व्यवस्थापन शाखा
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

निर्णय नं. २

विषय: छुट तथा पुनसर्भेक्षणबाट प्रास विवरण विश्लेषणको आधारमा गुनासोकर्तालाई लाभग्राही तथा गैरलाभग्राही कायम गर्ने।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्रास गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा छुट तथा पुनःजाँच सर्भेक्षणबाट प्रास र इन्जिनियरहरुबाट विश्लेषण भई MIS मार्फत प्रास भएका तथ्यांकहरुको आधारमा लाभग्राही/गैरलाभग्राही कायम गर्न सिफारिश भएका ४,६१४ गुनासोको विवरण तयार पारिएको छ । उक्त विवरणमा उल्लेख भएका गुनासोकर्ताहरुलाई लाभग्राही/गैरलाभग्राही कायम गर्नुपर्ने भएको छ ।

कार्यकारी समितिबाट हालसम्म कुल १,२०,९४३ गुनासाको निर्णय भईसकेको जसमा ४२,७३९ पूर्ण लाभग्राही, ३८,०३७ प्रवलीकरण लाभग्राही, ३५,१३८ गैरलाभग्राही कायम गर्ने निर्णय भईसकेको।

माथि उल्लेख भएबमोजिम लाभग्राही तथा गैरलाभग्राही कायम गर्नु आवश्यक भएको र सो बिषय कार्यकारी समितिबाट स्वीकृतिका लागि पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।

निर्णय

छुट तथा पुनर्जांच सर्वेक्षणबाट प्रास तथ्यांकहरुको विश्लेषणबाट प्रास तालिका-१ मा उल्लेखित १३ वटा जिल्लाका १६८ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही, ४६१ गुनासोकर्तालाई सम्भाव्य लाभग्राही, २,१२८ गुनासोकर्तालाई प्रवलीकरण लाभग्राही र १,७६३ गुनासोकर्तालाई गैरलाभग्राही कायम गर्ने ।

निर्णय नं. ३

विषय: २०७४ मंसिर मसान्तसम्म दर्ता भएका गुनासो फछ्यौंट गर्ने ।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्रास गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरुको सम्बन्धमा इन्जिनियरहरुबाट MIS मा पुनरावलोकन (Review) भई सूचना व्यवस्थापन शाखाबाट २७,७४४ गुनासोकर्ताहरुको विवरण विभिन्न वर्गमा वर्गीकृतको लागि सिफारिश भई प्रास भएको छ । सो अनुसार उक्त तथ्याङ्कलाई लाभग्राही/गैरलाभग्राही कायम गर्ने लगायत विभिन्न वर्गमा वर्गीकृत गर्नुपर्ने भएको छ ।

कार्यकारी समितिबाट २०७४ साल मंसिर मसान्तसम्म गुनासो दर्ता गरेका गुनासोकर्ताहरु मध्ये हालसम्म कुल ७३,८५७ गुनासाको निर्णय भईसकेको जसमा २,९२२ पूर्ण लाभग्राही, ३,२२७

सचिव

तालिका-१

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासोको विश्लेषणबाट प्राप्त लाभग्राही/गैरलाभग्राहीहरुको विवरण

| सि.नं. | जिल्ला | गाउँपालिका/नगरपालिका | पुनर्निर्माण लाभग्राही | स्वास्थ्य लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | प्रबलीकरण लाभग्राही | गैर लाभग्राही |
|---|---|---|---|---|---|---|---|
| १. | भक्तपुर | | ० | १२ | १२ | १४ | १२२ |
| २. | धादिङ्ग | | ४ | ७ | ११ | ५६ | २३९ |
| ३. | दोलखा | | ५५ | १८२ | २३७ | २८६ | ९४ |
| ४. | गोरखा | | ० | ४ | ४ | ० | १२५ |
| ५. | काठमाडौं | | ३ | ३ | ६ | ३६ | २२० |
| ६. | काभ्रेपलाञ्चोक | | ५८ | ४५ | १०३ | १३३ | २९९ |
| ७. | ललितपुर | | ० | १ | १ | ५ | ५२ |
| ८. | मकवानपुर | | १२ | ७१ | ८३ | ५०२ | २७७ |
| ९. | नुवाकोट | | ० | ० | ० | ० | ३९ |
| १०. | ओखलढुंगा | | ० | १० | १० | ८४ | ४४ |
| ११. | रामेछाप | | २४ | ६४ | ८८ | २५५ | ४० |
| १२. | रसुवा | | ० | ० | ० | १ | ५ |
| १३. | सिन्धुली | | १२ | ६२ | ७४ | ७५६ | २०७ |
| जम्मा | | | १६८ | ४६१ | ६२९ | २१२८ | १७६३ |

सचिव